**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०३ जून २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

**१.** आदिवासी मामिला मन्त्रालयले आज नयाँ दिल्लीमा एकीकृत आदिवासी विकास एजेन्सीहरू र परियोजनाहरूलाई सुदृढ पार्ने उद्देश्यले आयोजित राष्ट्रिय सम्मेलनमा राष्ट्रपति द्रौपदी मुर्मुले सम्बोधन गर्नु हुनेछ।

**२.** भेनेजुएलाकी कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेज आजदेखि भारतको चार दिने भ्रमणमा आउँदै हुनुहुन्छ। भ्रमणको क्रममा उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीसँग द्विपक्षीय वार्ता गर्नु हुनेछ।

**३.** प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा विगत १२ वर्षमा देशले सबैको साथ, सबैको सहयोग, सबैको विकास, सबैको विश्वास र सबैको प्रयासको मन्त्रबाट निर्देशित उल्लेखनीय प्रगति हासिल गरेको छ।

**४.** सरकारले थोक मूल्य सूचकांक **डब्ल्यूपीआई**लाई बिस्तारै हटाउने र यसलाई अझ व्यापक उत्पादक मूल्य सूचकांक **पीपीआई** प्रणाली लागु गर्ने निर्णय गरेको छ।

५. जर्मनी हुँदै हवाई यात्रा गर्ने भारतीय नागरिकहरूको लागि ट्रान्जिट भिसाको आवश्यकता आजदेखि हटाइएको छ। भारतले यो निर्णयको स्वागत गरेको छ।

**जनजातीय-सम्मेलन**

आदिवासी मामिला मन्त्रालयले आज नयाँ दिल्लीमा एकीकृत आदिवासी विकास एजेन्सीहरू र परियोजनाहरूलाई सुदृढ पार्ने उद्देश्यले राष्ट्रिय सम्मेलन आयोजना गर्दैछ। राष्ट्रपति द्रौपदी मुर्मुले सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्नु हुनेछ। यो कार्यक्रम 'जनजातिय गरिमा उत्सव २०२६' को तत्वावधानमा आयोजना भइरहेको छ। राष्ट्रपतिले भारतीय विज्ञान संस्थान, बेंगलुरुको नानो विज्ञान र इन्जिनियरिङ केन्द्रमा एक प्रशिक्षण केन्द्रको भर्चुअल रूपमा उद्घाटन गर्नु हुनेछ। उहाँले देशका विभिन्न भागहरूमा अवस्थित एकलव्य मोडेल आवासीय विद्यालयहरूमा स्थापित ७५ अन्तरिक्ष प्रयोगशालाहरूको पनि उद्घाटन गर्नु हुनेछ। सम्मेलनमा २६ राज्य र ४ केन्द्र शासित प्रदेशका प्रतिनिधिहरूले भाग लिनेछन्।

**भेनेजुएला – राष्ट्रपतिको भ्रमण**

भेनेजुएलाकी कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेज आजदेखि भारतको चार दिने भ्रमणमा आउँदै हुनुहुन्छ। उहाँको साथमा उच्चस्तरीय प्रतिनिधिमण्डल पनि रहनेछ। भ्रमणको क्रममा उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीसँग द्विपक्षीय वार्ता गर्नु हुनेछ। दुवै पक्षले व्यापार, लगानी, ऊर्जा, स्वास्थ्य र औषधि उद्योगका क्षेत्रमा सहयोग बढाउने बारेमा छलफल गर्नेछन्। विदेश मन्त्रालयका अनुसार भारतका सार्वजनिक क्षेत्रका उपक्रमहरूले भेनेजुएलाको ऊर्जा क्षेत्रमा उल्लेखनीय लगानी गरेको छ। यो भ्रमणले भारत र भेनेजुएलाबीचको द्विपक्षीय सम्बन्धलाई अझ बलियो बनाउने अपेक्षा गरिएको छ।

**गुजरात त्रासदी**

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो सुरतमा भएको दुर्घटनामा भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ। सुरतको बारडोली शहर नजिकै महाराष्ट्र राज्य सडक यातायात निगमका दुई बस ठोक्किँदा आठजनाको मृत्यु भएको छ भने १५ भन्दा बढी घाइते भएका छन्। राष्ट्रपति मुर्मुले मृतकका परिवारप्रति समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। उपराष्ट्रपति राधाकृष्णनले शोकसन्तप्त परिवारलाई शक्ति र साहस प्रदान गर्न प्रार्थना गर्नुभएको छ। यसैबीच प्रधानमन्त्री नरेन्द्र मोदीले मृतकका आफन्तप्रति गहिरो समवेदना पनि व्यक्त गर्नुभएको छ। यसको साथै प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट मृतकका आफन्तलाई २ लाख रुपियाँ र घाइतेहरूलाई ५० हजार  रुपियाँको अनुग्रह भुक्तानीको घोषणा गरिएको छ।

**सरकारको १२ वर्ष: मध्यम वर्गको कल्याणमा विशेष ध्यान**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा विगत १२ वर्षमा राष्ट्रले *सबका साथ, सबका विकास, सबका विश्वास र सबका प्रयास* (सबैको सहयोग, सबैको विकास, सबैको विश्वास, र सबैको प्रयास) को मन्त्रबाट निर्देशित उल्लेखनीय प्रगति हासिल गरेको छ। यस अवधि केन्द्र सरकारले गरिब, किसान, महिला, युवा र मध्यम वर्गको कल्याणका लागि धेरै महत्त्वपूर्ण पहलहरू सुरु गरेको छ। आकाशवाणी समाचारले विगत १२ वर्षमा सरकारले विभिन्न क्षेत्रहरूमा गरेको कामलाई उजागर गर्ने विशेष श्रृंखला प्रस्तुत गर्दैछ। आज, हामी मध्यमवर्गको कल्याणका लागि सरकारले गरेका उपायहरू विषयमा प्रकाश पार्नेछौं।

**बाइट**

**सिन्धिया – मिसन स्नेहजोरी**

उत्तरपूर्वी क्षेत्र विकासका लागि केन्द्रीय मन्त्री ज्योतिरादित्य सिन्धिया र आसामका मुख्यमन्त्री हिमन्त विश्व शर्मले आज आसामको मुगा रेशमको लागि 'मिसन स्नेहजोरी' सुरु गर्नु भयो। यो पहल आसामको अद्वितीय मुगा रेशम उद्योगलाई विश्वव्यापी रूपमा प्रतिस्पर्धी र उच्च-मूल्यको वस्त्र क्षेत्रमा विकास गर्ने उद्देश्यले सुरु गरिएको हो। यो मिसन अन्तर्गत रेशम उत्पादनदेखि बुनाई, प्रवर्द्धन र निर्यात बढाउने सम्पूर्ण प्रक्रियालाई बलियो बनाइनेछ।

**थोक मूल्य सूचकांक - पीपीआई**

सरकारले थोक मूल्य सूचकांक **डब्ल्यूपीआई**लाई बिस्तारै हटाउने र यसलाई अझ व्यापक उत्पादक मूल्य सूचकांक **पीपीआई** प्रणाली लागु गर्ने निर्णय गरेको छ। यो निर्णय देशको मुद्रास्फीति र मूल्य निर्धारण डेटा ढाँचालाई आधुनिकीकरण गर्न र यसलाई विश्वव्यापी उत्कृष्ट अभ्यासहरूसँग मिलाउन लिइएको हो। वाणिज्य तथा उद्योग मन्त्रालयले २०११-१२ देखि २०२२-२३ सम्मको **डब्ल्यूपीआई** आधार वर्षको संशोधनलाई अनुमोदन गरेको घोषणा गरेको छ। मूल्य वृद्धिसँग सम्बन्धित प्रावधानहरूमा **डब्ल्यूपीआई**को व्यापक प्रयोगलाई ध्यानमा राख्दै यो सूचकांक संशोधित श्रृंखला जारी भएको मितिबाट पाँच वर्षको अवधिको लागि **पीपीआई** सँगसँगै जारी गरिनेछ, त्यसपछि यसलाई बन्द गरिनेछ। मन्त्रालयले भन्यो कि यसले प्रयोगकर्ताहरूलाई **डब्ल्यूपीआई**बाट **पीपीआई**मा बदलिनुलाई गर्न पर्याप्त समय प्रदान गर्नेछ। संशोधित थोक मूल्य सूचकांक र नयाँ उत्पादक मूल्य सूचकांक १५ जूनमा जारी हुने तालिका छ। मन्त्रालयले थप उल्लेख गरेको छ कि नयाँ थोक मूल्य सूचकांक श्रृंखलामा समावेश गरिएका वस्तुहरूको संख्या ६९७ बाट बढेर ९५७ पुगेको छ, जसले गर्दा आर्थिक गतिविधिको व्यापक प्रतिनिधित्व प्रदान गर्दछ।

**जम्मू र कश्मीर – राज्य चुनाव आयोगको बैठक**

जम्मू-कश्मीरमा पञ्चायत र जिल्ला विकास परिषद्को चुनावको तयारीको समीक्षा गर्न राज्य **चुनाव** आयोगको दुई दिने उच्चस्तरीय बैठक आज जम्मू र कश्मीरमा सुरु हुँदैछ। बैठकको अध्यक्षता राज्य **चुनाव** आयुक्त शान्तमानुले गर्नु हुनेछ। पञ्चायतहरूको लागि मतदाता सूची पुनरीक्षण गर्ने प्रक्रिया हालै सम्पन्न भएको छ। यस अभ्यासपछि मतदाताहरूको कुल संख्या 72 लाख 24 हजार पुगेको छ। मतदाता सूचीमा जम्मा 3 लाख 39 हजार 384 नयाँ मतदाताहरु थपिएका छन्।

**भारत-जर्मनी ट्रान्जिट भिसा**

जर्मनी हुँदै हवाई यात्रा गर्ने भारतीय नागरिकहरूको लागि ट्रान्जिट भिसाको आवश्यकता आजदेखि हटाइएको छ। भारतले यो निर्णयको स्वागत गरेको छ।

सामाजिक सञ्जालको एक पोस्टमा, विदेश मन्त्रालयले यो नयाँ व्यवस्थाले भारत र जर्मनीबीचका मानिसहरुको सम्बन्ध र आपसी सम्बन्धलाई बलियो बनाउने बताएको छ। यस वर्षको जनवरीमा प्रधानमन्त्री नरेन्द्र मोदी र जर्मन चान्सलर फ्रेडरिक मर्जले पछिल्लोको भारत भ्रमणको क्रममा यस विषयमा घोषणा गरिएको थिए।

**राष्ट्रीय बाल पुरस्कार-नामांकन**

सरकारले प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कार २०२६ को लागि नामांकन आमन्त्रित गरेको छ। नामांकनहरू बुझाउने अन्तिम मिति ३१ जुलाई हो। यो प्रतिष्ठित पुरस्कार राष्ट्रपतिद्वारा बहादुरी, समाजसेवा, पर्यावरण संरक्षण, खेलकुद, कला तथा संस्कृति र विज्ञान तथा प्रविधिको क्षेत्रमा असाधारण उपलब्धि हासिल गर्ने बालबालिकाहरूलाई प्रदान गरिन्छ। महिला तथा बाल विकास मन्त्रालयले राष्ट्रिय पुरस्कार पोर्टल: awards.gov.in मार्फत मात्र नामांकनहरू स्वीकार गरिने बताएको छ।